# महाभारत गाउँपालिका

# आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

**महाभारत गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**देविटार, काभ्रेपलाञ्चोक**

**२०८३**

सभाका सदस्यज्यूहरू,

राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरू,

महाभारत गाउँपालिकाको गाउँसभाको यस १९ (उन्नाइसौं) अधिवेशनको गरिमामय अवसरमा यहाँहरूको उत्साहपूर्ण जिम्मेवार र अर्थपूर्ण उपस्थितिप्रति हार्दिक सम्मान व्यक्त गर्दै सम्पूर्णमा हार्दिक स्वागत गर्दछु ।

आजको यस ऐतिहासिक अवसरमा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित अनुभूति गरिरहेको छु । यहाँहरूको विश्वास, सहयोग, सुझाव र साथले नै गाउँपालिकालाई सुशासन, विकास र समृद्धिको मार्गमा निरन्तर अगाडि बढ्न प्रेरित गरेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना, लोकतान्त्रिक अधिकारको सुनिश्चितता, सामाजिक न्याय, समावेशी तथा समानतामूलक समाज निर्माणका लागि विभिन्न कालखण्डमा भएका जनयुद्ध, जनआन्दोलन तथा लोकतान्त्रिक आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति म भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु । विशेषतः यस महाभारत भूमिको गौरव बढाउँदै परिवर्तन, न्याय र समानताको महान् अभियानमा आफ्नो जिवन बलिदान गर्नुहुने अमर सहिदहरू कुलबहादुर राना मगर, ज्ञानबहादुर गोले, प्रविना बज्यू, शक्ति, लिला बहादुर मोक्तान (निर्माण), प्रमिला माझी, विमला वाईबा, राजु नेपाली(प्रहार), दिलबहादुर बोम्जन (दीपक), विष्णुमाया थिङ (सीमा ) र विष्णु स्याङ्तानलगायत सम्पूर्ण वीर सपुतहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु। उहाँहरूले स्थापित गर्नुभएको त्याग समर्पणको आदर्शले भावी पुस्तासमेतलाई निरन्तर प्रेरित गर्दै हाम्रो विकास र समृद्धिको यात्रालाई दिशानिर्देश गरिरहनेछ।

यसैगरी लोकतन्त्र, सुशासन र सामाजिक न्यायको पक्षमा आवाज उठाउने क्रममा जीवन गुमाउनु भएका जेन्जी पुस्ताका युवा सहिदहरूप्रति पनि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । विभिन्न आन्दोलनका क्रममा घाइते हुनु भएका दिदीबहिनी तथा दाजुभाइहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ता पारिएका व्यक्ति तथा पीडित परिवारजनप्रति गहिरो सम्मान र ऐक्यबद्धता व्यक्त गर्दछु ।

सभाका सदस्यज्यूहरू,

महाभारत गाउँपालिका काभ्रे जिल्लाको सबैभन्दा विशाल भौगोलिक क्षेत्रफल ओगट्ने स्थानीय तह हो । करिब १८६ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको हाम्रो गाउँपालिका प्राकृतिक सौन्दर्य, जैविक विविधता, ऐतिहासिक महत्व तथा सांस्कृतिक सम्पदाले सम्पन्न छ । समुद्री सतहबाट करिब २,५०० मिटर उचाइमा अवस्थित म्हाबर लेक, भुमीचुली, ताराखसे , मेलङ झर्ना, कोन्ज्योसोम बुद्ध मुर्ति, देवीटार सल्लेनी हजार सिँढी, दिपक सहिद स्मारक पार्क, रमित्ते डाँडा तथा चैत्यपानीजस्ता रमणीय पर्यटकीय स्थलहरूले हाम्रो भूमिलाई अनुपम प्राकृतिक गन्तव्यको रूपमा परिचित गराएका छन् ।

तामाङ, मगर, नेवार, बाहुन, क्षेत्री, माझी, दलित, पहरीलगायत विविध जातजाति र समुदायबीचको सद्भाव, सहअस्तित्व र एकता नै हाम्रो सबैभन्दा ठूलो शक्ति हो । कृषि, पशुपालन, कफी खेती, अदुवा उत्पादन, मौरीपालन तथा उद्यमशीलतामा आधारित हाम्रो स्थानीय अर्थतन्त्रले अब नयाँ सम्भावनाको ढोका खोल्दै विकासको थप उचाइ खोजिरहेको छ ।

सभाका सदस्यज्यूहरु,

वर्तमान समयमा विश्व समुदायमा विभिन्न आर्थिक, राजनीतिक तथा वातावरणीय चुनौतीहरूको सामना गरिरहेको छ। पछिल्लो समय अमेरिका र इरानबीच विकसित भएको तनावपूर्ण परिस्थिति तथा त्यसबाट उत्पन्न भू-राजनीतिक अस्थिरताले विश्व अर्थतन्त्रमा थप अनिश्चितता सिर्जना गरेको छ। अन्तर्राष्ट्रिय बजारमा इन्धन तथा अत्यावश्यक वस्तुको मूल्यमा देखिएको उतारचढाव, आपूर्ति शृङ्खलामा परेको प्रभाव तथा आर्थिक गतिविधिमा आएको सुस्तताले नेपालजस्ता आयातमा निर्भर अर्थतन्त्रलाई समेत प्रत्यक्ष र अप्रत्यक्ष असर पार्ने संकेत देखिएका छन्।

यस्ता बाह्य चुनौतीका बाबजुद हामीले स्थानीय स्रोत, साधन र सम्भावनाको अधिकतम उपयोग गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माण, उत्पादन वृद्धि, वित्तीय अनुशासन र सुशासनलाई थप सुदृढ बनाउने दिशामा निरन्तर प्रयास गरिरहेका छौं। सीमित स्रोत र बढ्दो आवश्यकताबीच सन्तुलन कायम गर्दै जनअपेक्षाअनुरूप विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउने हाम्रो प्रतिबद्धता अटल रहेको छ।

यसै सन्दर्भमा, महाभारत गाउँपालिकाले विगत लगातार तीन आर्थिक वर्षदेखि **'शून्य बेरुजु'** कायम राख्दै वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहिताको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ। यी उपलब्धिहरू कुनै एक व्यक्ति वा संस्थाको मात्र सफलता होइनन्; यो सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, विकास साझेदार तथा सम्पूर्ण गाउँवासीको साझा प्रतिबद्धता, परिश्रम र सहकार्यको प्रतिफल हो। यी उपलब्धिहरूले हामीलाई गौरवको अनुभूति मात्र गराएका छैनन्, आगामी दिनमा अझ उत्कृष्ट कार्यसम्पादनका लागि थप जिम्मेवार र प्रतिबद्ध बन्न प्रेरित समेत गरेका छन्।

गाउँसभाका सदस्यज्यूहरु,

अब हाम्रो यात्राले अझ स्पष्ट दिशा र तीव्र गति लिनेछ। दिगो विकास, वातावरणीय सन्तुलन, सुशासन, प्रविधिमैत्री सेवा प्रवाह, कृषि आधुनिकीकरण, उत्पादनमुखी अर्थतन्त्र, गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा, पर्यटन प्रवर्द्धन तथा सामाजिक न्यायलाई केन्द्रमा राखेर आगामी वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गरिनेछन्। डिजिटल प्रविधिको अधिकतम उपयोगमार्फत स्थानीय सरकारका सेवाहरूलाई नागरिकको घरदैलोमै सहज, छिटो, पारदर्शी र प्रभावकारी रूपमा पुऱ्याइनेछ।

हाम्रा अग्रजहरूको त्याग, वर्तमान पुस्ताको मेहनत र भावी पुस्ताको सपनालाई मार्गदर्शन मान्दै हामी विकास र समृद्धिको नयाँ अध्याय प्रारम्भ गर्दैछौं। महाभारतको प्राकृतिक सौन्दर्य, उत्पादनशील भूमि, सांस्कृतिक सम्पदा र मानव पूँजीलाई विकासको आधारशक्तिका रूपमा उपयोग गर्दै आत्मनिर्भर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो अभियान अझ सशक्त रूपमा अगाडि बढ्नेछ।

विकासका प्रतिफललाई प्रत्येक नागरिकसम्म समान रूपमा पुऱ्याउँदै, जनसहभागिता, पारदर्शिता, जवाफदेहिता र सहकार्यको संस्कृतिलाई थप मजबुत बनाइनेछ। यस महान् यात्रामा सम्पूर्ण गाउँवासी, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र तथा विकास साझेदारहरूको सक्रिय सहयोग र ऐक्यबद्धता नै हाम्रो सबैभन्दा ठूलो शक्ति हुनेछ भन्ने दृढ विश्वास लिएको छु।

अब, म यस सम्मानित सभामा आर्थिक वर्ष ०८३/०८४ नीति तथा कार्यक्रम प्रस्तुत गर्नु अगाडि गत वर्ष ०८२/०८३ मा हामीले हासिल गरेका महत्त्वपूर्ण उपलब्धिहरुको समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

**सभाका सदस्यज्यूहरु,**

महाभारत गाउँपालिकाको विकास र समृद्धिको यात्रामा हामीले गत आर्थिक वर्षमा हासिल गरेका उपलब्धिहरूलाई यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित महसुस गरिरहेको छु । सीमित स्रोत-साधन र विविध वित्तीय चुनौतीका बाबजुद पनि हाम्रो सामूहिक प्रयासले विकासका हरेक आयाममा महत्त्वपूर्ण फड्को मार्न सफल भएको छ ।

## कृषि र पशुपालन: समृद्धिको आधार

'भौगोलिक विशेषतानै समृद्धिको आधार' भन्ने मूल मान्यतालाई आत्मसात् गर्दै कृषि क्षेत्रमा दूरगामी सुधारका कदमहरू चालिएका छन् । उच्च मूल्ययुक्त नगदेबालीका रूपमा कफी प्रवर्द्धनलाई प्राथमिकता दिई आधुनिक बगैँचा व्यवस्थापन र नर्सरी स्थापना गरिएको छ । **'जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु. २० को नोट'** तथा **'एक वडा, एक कृषि उत्पादन**' जस्ता नवप्रवर्तनात्मक कार्यक्रममार्फत कृषकलाई थप प्रोत्साहित गरिनुका साथै कृषि क्षेत्रमा आन्तरिक पर्यटकहरु समेत भित्रिन थालेका छन । पशुसेवा र जनस्वास्थ्यमा पनि उल्लेख्य काम भएका छन्; खोरेत रोग नियन्त्रण, नि:शुल्क औषधि वितरण, आधुनिक तालिम र नश्ल सुधारका लागि उन्नत जातका पशुपन्छी वितरणमार्फत कृषकको जीवनस्तर उकास्ने प्रयास गरिएको छ ।

## स्वास्थ्य र शिक्षा

यस महाभारत गाउँपालिका स्वास्थ्य सुचाकाङ्कामा बाग्मती प्रदेशमै प्रथम हुन सफल भएका छन् यो निश्चय नै आम महाभारतबासीको लागि गर्वको विषय हो । यस कार्यको लागि म आम सरोकारवाला सबैमा विशेष धन्यवाद व्यक्त गर्न चहान्छु **। 'महाभारत बन्दै छ, बा-आमालाई सञ्चै छ'** अभियानले नागरिकको स्वास्थ्यमा प्रत्यक्ष सकारात्मक प्रभाव पारेको छ । नसर्ने रोगको परीक्षण, विशेषज्ञ स्वास्थ्य शिविर, क्षयरोग स्क्रिनिङ तथा छात्राहरूका लागि शतप्रतिशत HPV खोप सुनिश्चितता हाम्रा गौरवका कार्यक्रम हुन् ।

शैक्षिक क्षेत्रको विकास अन्तर्गत यस महाभारत गाउँपालिकाले स्थानिय पाठ्यक्रमको निर्माण गरी कार्यन्वयन गरिएको छ भने यस कार्यले शिक्षण सिकाईमा थप टेवा पुर्याउन सफल भएका छन् । साथै आगामी दिनमा स्थानिय पाठ्यक्रमको समय सान्दर्भिक विकासको लागि रचनात्मक सल्लाह सुझावको अपेक्षा समेत गर्दछु । 'शिक्षाको प्रगति, महाभारतको समृद्धि' अभियानअन्तर्गत बजेटको ठूलो हिस्सा शैक्षिक पूर्वाधार र डिजिटल साक्षरतामा खर्च गरिएको छ । डिजिटल ईमिस (IEMIS) कार्यक्रम, एकीकृत शैक्षिक क्यालेन्डर र स्थानीय पाठ्यक्रमको तयारीले हाम्रो शैक्षिक जगलाई थप बलियो बनाएको छ ।

## भौतिक पूर्वाधार र विकास

पूर्वाधार विकासमा हामीले उल्लेखनीय सफलता हासिल गरेका छौं जसमध्ये यस गाउँपालिकाको मात्र नभएर पूर्व-पश्चिमसँगै प्रदेश राजधानी जोड्ने जनमुक्ति राजमार्गको निर्माण सम्पन्न पश्चात महाभारत गाउँपालिकाको

आमनागरिकको जीवनशैलीमा आमुल परिवर्तन हुने निश्चय नै हो । जसअन्तर्गत हालसम्म जनमुक्ति राजमार्गको कोल्टार–गोकुले लभडाँडा खण्डको कालोपत्रे निर्माण सम्पन्न भएको छ भने यस राजमार्गको अन्य खण्डहरूमा नाली,ग्रावेलिङ,मेसिनरी वाल,ग्याबियन लगायतको निर्माण कार्यहरु तीव्र गतिमा जारी नै छ। हाल सम्म यस राजमार्गको ८ कि.मि. ढलान भएको छ भने ८ कि.मि. सडक कालोपत्रे भएका छन साथै गाउँपालिकाको दिर्घकालीन महत्व राख्ने ४ वटा मुख्य सडकको बहुबर्षिय योजना तयार भई निर्माण कार्य अगाडी बढिसकेका छन् भने पालिकादेखि जिल्ला सदरमुकाम जोड्ने छोटो दुरीको सडक तिनखुट्टे बुढाखानी खण्डको कालोपत्रेको निर्माण कार्य छिट्टै नै प्रारम्भ हुनेछ । त्यसैगरी आकुरा खोलाको पक्की पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ भने देविटार र गोल्टारका पक्की पुलहरू निर्माणको अन्तिम चरणमा छन् भने तिनखुट्टेको पक्की पुल निर्माण सम्पन्न पश्चात सञ्चालनको अन्तिम तयारीमा छन् । गाउँपालिकालाई ईन्टरनेटको पहँच पुर्याउने उद्देश्यका साथ मुख्य मुख्य बस्तिहरु,स्वास्थ्य संस्थाहरु,वडा कार्यालयहरु,४१ वटा विद्यालयसँगै महाभारत गाउँपालिकाको कार्यालयमा समेत फाईबर ईन्टरनेट जडान गरी सेवा सुचारु गरेको छन् । **स्वस्थ नागारिकका लागि स्वच्छ र पर्यप्त खानेपानी** भन्ने मुल नाराका साथ महाभारत गाउँपालिकाको करिब २३०० घरधुरिमा **'एक घर, एक धारा'** सम्पन्न भईसकेका छन् ।त्यसै गरी हाल यस आयोजना अन्तर्गत गोकुले बृहत् खानेपानी कर्मढुङ्गे खानेपानी वडा नं. ३ निर्माणधीन अवस्थामा छन् । निश्चय नै यि उल्लेखित आयोजनाहरुको सम्पन्न पश्चात आम गाउँपालिकाबासी दिदिबहिनि तथा दाजुभाईहरुले संवृद्धिको सकरात्मक अनुभूति गर्नुहुने नै छ साथै विकासको हरेक चरणमा महत्वपूर्ण रचनात्मक सहयोग गर्नुहुने आम सरोकारवाला लगायत सम्पूर्णमा म पुनः हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्न चहान्छु ।

## सुशासन, सेवा प्रवाह र विपद् व्यवस्थापन

संस्थागत विकास र वित्तीय सुशासनमा महाभारत गाउँपालिकाले बागमती प्रदेशमै अग्रणी स्थान कायम राखेको छ । लगातार तीन वर्ष **'शून्य बेरुजु'** कायम गर्दै हामीले देशमै उदाहरणीय पहिचान स्थापित गरेका छौं । यो निश्चय नै हाम्रो लागि मात्रै नभई समग्र राष्ट्रको लागि गर्भको विषय हो । यस अवसरमा म यहाँहरु समक्ष खुसी व्यक्त गर्दै यस कार्यमा आफ्नो अमूल्य योगदान गर्नु हुने आमनागारिक लगायत सम्पूर्णमा हार्दिक कृतज्ञता छु । सूचना प्रविधिको प्रयोग गरी E-Governance मार्फत छिटो-छरितो सेवा र डिजिटल प्रणालीको प्रयोगले सुशासनको नयाँ अभ्यास सुरु गरेको छ ।

सभाका सदस्यज्यूहरू, विपद् व्यवस्थापन र रोजगार प्रवर्द्धनतर्गत विपद् जोखिम न्यूनीकरण ऐन, २०८२ र GIS Mapping प्रणाली लागू गरिएको छ। असोजको भारी वर्षा र बाढी-पहिरोबाट अवरुद्ध सडक, विद्युत र सञ्चार सेवा तत्काल सुचारु गरिनुका साथै प्रभावितहरूलाई आवास निर्माणको दोस्रो किस्ता राहत वितरण कार्य अन्तिम चरणमा पुगेको छ। रोजगार सेवा केन्द्रमार्फत 'कामका लागि पारिश्रमिक' अन्तर्गत २९ वटा आयोजना सम्पन्न गरी कुल बजेटको ८७ प्रतिशत रकम सिधै श्रमिकको पारिश्रमिकमा खर्च गरिएको छ। साथै, स्थानीय स्तरबाटै पुनः श्रम स्वीकृति सेवा सुरु गरी वैदेशिक रोजगारीको प्रक्रियालाई अत्यन्त सहज र जनमुखी बनाइएको छ।

सभाका सदस्यज्यूहरू, सामाजिक समावेशीकरण र कानुनी न्यायका क्षेत्रमा पनि उत्तिकै महत्त्वपूर्ण उपलब्धि हासिल भएका छन्। लघु उद्यम विकास कार्यक्रम (MEDPA) मार्फत विपन्न नागरिकलाई लक्षित गरी विभिन्न सीपमूलक तालिमहरू प्रदान गरिएको छ भने न्यायिक समितिले ११ पटक बैठक बसी प्राप्त विवादहरू फर्छ्यौट गरी 'शून्य बक्यौता' कायम राखेको छ। सामाजिक सुरक्षातर्फ शिविरमार्फत ४३० जनाको राष्ट्रिय परिचयपत्र दर्ता र भत्ता नवीकरणका लागि २ वटा IRIS Device को व्यवस्था गरिएको छ। बालविवाह न्यूनीकरणका लागि वडास्तरीय बालक्लब गठन, लैङ्गिक हिंसा विरुद्ध सचेतना र बालमैत्री स्थानीय शासन घोषणाको कार्यक्रम सफलतापूर्वक शुभारम्भ गरिएको छ।

सीमित स्रोत-साधन र अनिवार्य दायित्वको वित्तीय चापका बावजुद महाभारत गाउँपालिकाले नीतिगत, व्यवस्थापकीय र प्राज्ञिक क्षेत्रमा एक बलियो र गर्व गर्न लायक जग बसालेको छ। पुँजीगत खर्च बढाउन आगामी दिनमा ढिलो ठेक्का लाग्ने परिपाटीको अन्त्य गर्दै र आयोजना बैंकको पूर्ण कार्यान्वयन गरी यस गाउँपालिकालाई देशकै नमूना स्थानीय तह बनाउन म सम्पूर्ण आदरणीय सदस्यज्यूहरूमा हार्दिक आह्वान गर्दछु।

**सभाका सदस्यज्यूहरु,**

अब म आगामी आ. व. २०८३/०८४ को विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

## १. कृषि

- यस गाउँपालिकालाई कृषि पर्यटकीय हबको रूपमा विकास गर्न कृषि योग्य व्यापारिक र पर्यटकिय ठाउँ नविन प्रविधियुक्त नमुना कफि बगान हेर्न महाभारत जाउँ भन्ने नाराका साथ यस गाउँपालिकाको चारकिल्ला, चाउडिक, आग्रेटार, महादेवटार, फोक्सिङ्टार, ठुलोपोखरा, सानोपोखरा, सोक्तेल, अम्बलबास, थिङटोल र आरुबोट लगायतका स्थानमा कफी खेती प्रवर्द्धन गरि कफी पर्यटकीय क्षेत्रको विकास गरिनेछ।
- कफी खेतीमा आकर्षण बढाउन ***"जसले रोप्छ कफीको बोट, उसले पाउँछ रु. २० को नोट"*** कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- कफी बगैँचा सुधार तथा व्यवस्थापनका लागि कृषकहरूलाई आवश्यक प्राविधिक सहयोगका साथै बजेटको उचित व्यवस्थापन गरिनेछ।
- कफी खेतीको जोखिम न्यूनीकरण र सुरक्षाको प्रत्याभूति गर्न कृषि बाली बीमा कार्यक्रमलाई विशेष जोड दिइनेछ।
- प्रत्येक वडालाई भौगोलिक विशेषताका आधारमा बाली उत्पादनको पकेट क्षेत्र बनाउन **"एक वडा एक उत्पादन"** कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- मौसमी तथा बेमौसमी फलफूल र तरकारी (विशेष गरी तरबुजा र अकबरे खुर्सानी) को उत्पादन बढाउन विभिन्न प्रविधिमा आधारित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- स्थानीय स्तरमै गुणस्तरीय तरकारी एवं फलफूलको बीउ तथा बिरुवा सहज रूपमा उपलब्ध गराउन गाउँपालिकाभित्र एक नमुना नर्सरी स्थापना गरिनेछ।
- रैथाने तथा स्थानीय जातका बालीहरूको उत्पादन वृद्धि गराई बजार प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

- बढ्दो जलवायु परिवर्तनको जोखिम न्यूनीकरण गर्न र भिरालो जमिनको संरक्षणका लागि फलफूल खेती विस्तार कार्यक्रम सञ्चालन गरिनेछ।

- माटोको दीर्घकालीन उपज क्षमता संरक्षण गर्न प्रत्येक दुई वर्षको अन्तरालमा सबै कृषकको माटो परीक्षण अनिवार्य गराइनेछ र माटोको अवस्था समेटिएको **'माटो स्वास्थ्य कार्ड'** किसानलाई प्रदान गरिनेछ।
- रासायनिक विषादीको हानिकारक प्रभाव न्यूनीकरण गर्न एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) र एकीकृत बोटबिरुवा पोषक तत्व व्यवस्थापन (IPNS) प्रविधिलाई प्राथमिकता दिइनेछ।

- कृषि पेसालाई आधुनिकीकरण र प्रतिस्पर्धी बनाउन आधुनिक कृषि यन्त्रहरू (जस्तै: मिनिटिलर, मल्चिङ प्लास्टिक, प्लास्टिक पोखरी, थोपा सिँचाइ) मा अनुदानको सीमा वृद्धि गरिनेछ।
- नयाँ जात र प्रविधिको परीक्षण प्रदर्शन, कृषि मेला प्रदर्शनी, कृषक पाठशाला, कृषक दिवस, कृषक भ्रमण र बाली उपचार शिविर जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- कृषक समूह तथा कृषि सहकारीहरूको क्षमता अभिवृद्धि गराई कृषि कार्यक्रमहरूलाई थप प्रभावकारी बनाइनेछ।

- कृषकहरूले उत्पादन गरेको बालीको परिमाणका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ र उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न कृषक, समूह र सहकारीका कृषि उपजहरूलाई सामुदायिक विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रममा समावेश गर्न समन्वय र सहजीकरण गरिनेछ।

- कृषि विषय अध्ययन गरी बेरोजगार बसेका युवाहरूलाई व्यावसायिक कृषि विकासमा आकर्षित गर्न प्रस्तावनामा आधारित व्यावसायिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ।
- सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको रासायनिक मलको कोटा थप गर्न आवश्यक पहल गरिनेछ।
- गाउँपालिकाभित्रका कृषकको विवरण, बाली उत्पादन क्षेत्र र अवस्था यकिन गर्न वार्षिक रूपमा तथ्याङ्क संकलन गरी किसानहरूलाई **'किसान परिचय पत्र'** वितरण गर्ने व्यवस्था मिलाइनेछ।

- कृषि कार्यक्रम तथा अनुदान सम्बन्धी सूचनाहरू सधैँ कृषक समक्ष पुऱ्याउन सञ्चार र सूचना सम्प्रेषणलाई थप प्रभावकारी बनाइनेछ।
- भौगोलिक विशेषताका आधारमा बाली उत्पादनको पकेट क्षेत्र बनाउन यो कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- गुणस्तरीय तरकारी एवं फलफूलको बीउ तथा बिरुवा सहज उपलब्ध गराउन एक नमुना नर्सरी स्थापना गरिनेछ।
- प्रत्येक दुई वर्षमा कृषकको माटो परीक्षण अनिवार्य गरी **'माटो स्वास्थ्य कार्ड'** प्रदान गरिनेछ।
- रासायनिक मल घटाउन प्राङ्गारिक मल, भर्मीकम्पोष्ट र झोल मल बनाउने कार्यक्रमलाई जोड दिइनेछ।
- रासायनिक विषादी न्यूनीकरण गर्न एकीकृत शत्रुजीव र बोटबिरुवा पोषक तत्व व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।
- मिनिटिलर, मल्चिङ प्लास्टिक, प्लास्टिक पोखरी र थोपा सिँचाइ जस्ता आधुनिक यन्त्रहरूमा अनुदान वृद्धि गरिनेछ।
- उत्पादनको परिमाणका आधारमा प्रोत्साहन अनुदान र उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालयको दिवा खाजामा स्थानीय कृषक र सहकारीका उत्पादन समावेश गरिनेछ।

## २. पशुपन्छी विकास

- कृषकहरूलाई घरदैलोमै गुणस्तरीय र सुलभ प्राविधिक सेवा उपलब्ध गराउन "एक गाउँ एक पशु प्राविधिक" कार्यक्रमलाई निरन्तरता दिंदै आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- पशुपालनलाई आधुनिकीकरण गर्न कृषकहरूका लागि आवासीय स्तरको तालिम सञ्चालन गरिनेछ।
- पशुपँक्षीको स्वास्थ्य रक्षाका लागि आवश्यक औषधिहरू खरिद गरी पूर्ण रूपमा निःशुल्क वितरण गरिनेछ।
- रोगहरूको समयमै सही पहिचान र उपचारका लागि प्रयोगशाला स्थापना तथा व्यवस्थापन गरिनेछ।
- पशुबाट मानिसमा सर्न सक्ने घातक रोगहरूको रोकथामका लागि सचेतना र खोप कार्यक्रम चलाइनेछ।
- सामुदायिक तथा घरपालुवा कुकुर/बिरालाहरूलाई रेबिज विरुद्धको खोप र बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- ५० प्रतिशत लागत साझेदारीमा घाँसेबाली नर्सरी स्थापना र प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- मलमूत्रको एकीकृत व्यवस्थापन र जैविक मल उत्पादनका लागि भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- पशुपालनलाई व्यावसायिक र कम लागतको बनाउन घाँसेबालीमा आधारित पशुपालन प्रवर्द्धन कार्यक्रमका लागि बजेट विनियोजन गरिनेछ।

## ३. सहकारी, लघु उद्यम

- पालिकाभित्रका सबै सहकारीहरूको लगत संकलन, नवीकरण र लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय स्तरमा उपलब्ध स्रोत र सम्भावनामा आधारित उत्पादनमूलक तथा सेवामूलक लघु उद्यमको स्थापना, विस्तार र प्रवर्द्धन गरिनेछ।

- महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, बेरोजगार युवा तथा विपन्न समुदायलाई उद्यम विकास कार्यक्रममा सहभागिताको लागि प्राथमिकता दिईनेछ।
- उद्यमीहरूको क्षमता अभिवृद्धिका लागि उद्यमशीलता, व्यवसाय व्यवस्थापन तथा सीप विकास तालिम सञ्चालन गरिनेछ।
- स्थानीय उत्पादनको बजारीकरण, ब्रान्डिङ, प्याकेजिङ तथा प्रदर्शनी कार्यक्रममार्फत बजार पहुँच विस्तार गर्नलाई बिषेस जोड दिईनेछ।
- नवप्रवर्तन, डिजिटल प्रविधि तथा सूचना प्रविधिमा आधारित उद्यम विकासलाई प्रोत्साहन गरिनेछ।
- उद्यमी पहिचान तथा छनोट कार्यक्रम सञ्चालन गरी नयाँ उद्यमीहरू तयार गरिनेछ।
- तालिम प्राप्त उद्यमीहरूलाई आवश्यक प्रविधि, औजार तथा उपकरण सहयोग उपलब्ध गराइनेछ।
- उत्कृष्ट उद्यमीहरूलाई प्रोत्साहन तथा सम्मान गर्ने नीति लिईनेछ ।
- स्थापना भएका उद्यमहरूको नियमित अनुगमन तथा परामर्श सेवा उपलब्ध गराउने नीति लिईनेछ ।

### ४. संस्कृति तथा पर्यटन

- सम्भाव्य पर्यटकीय क्षेत्रहरूको पहिचान, संरक्षण, सम्भाव्यता अध्ययन र पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।
- गाउँपालिकालाई खुल्ला बहुसांस्कृतिक संग्रहालयको रूपमा विकास गरी मौलिक वास्तुकला र मूर्तिकला निर्माणमा जोड गरिनेछ।
- पालिकाभित्र बोलिने विभिन्न जातजातिका मातृभाषाहरूको लिपि तथा व्याकरणको संरक्षण र प्रवर्द्धन गरिनेछ।

### ५. शिक्षा

- "महाभारतको इच्छाः अनिवार्य तथा निःशुल्क शिक्षा" अन्तर्गत जनप्रतिनिधि, शिक्षक र कर्मचारीका छोराछोरीलाई अनिवार्य सामुदायिक विद्यालयमा पढाइनुपर्नेछ।
- प्राविधिक, विज्ञान र सामान्य धारका विद्यार्थीलाई छात्रवृत्ति दिइनेछ र लाभग्राहीले पालिकामा अनिवार्य सेवा गर्नुपर्नेछ।
- प्रत्येक शुक्रबार 'Book Free Day' लागू गरी विद्यार्थीहरूलाई व्यावहारिक र उत्पादनमुलक सीपसँग जोडिनेछ।
- प्राविधिक धारका विद्यार्थीहरूका लागि "पढ्दै कमाउँदै" नीति र कार्यस्थल तालिम (OJT) को व्यवस्था मिलाइनेछ।
- सामुदायिक विद्यालयको सुधार महाभारत सरकारको कार्यभार भन्ने नाराका साथ शैक्षिक सुधार र गुणस्तर कायम गर्न आवश्यक पहल गरिनेछ ।

- परीक्षा व्यवस्थित गर्न कक्षा ५ को वडा स्तरीय र कक्षा ८ को गाउँपालिका स्तरीय सार्वजनिक परीक्षा सञ्चालन गरिनेछ।
- शैक्षिक गुणस्तरका लागि गाउँपालिका, प्रधानाध्यापक र शिक्षकबीच कार्यसम्पादन सम्झौता गरिनेछ।
- कम विद्यार्थी भएका विद्यालयहरूको नक्साङ्कन गरी मर्ज वा कक्षा समायोजनको नीति लिइनेछ।
- बालबालिकाको आवाज सुन्न र नैतिक शिक्षा प्रदान गर्न यो र "विद्यार्थीसँग गाउँपालिका" कार्यक्रम चलाइनेछ।
- विद्यालयहरूमा दैनिक १५ मिनेट योग र ध्यानबाट कक्षा सुरु गर्ने व्यवस्था मिलाइनेछ।

**६. स्वास्थ्य**

- नेपालको संविधानको धारा ३५ मा ब्यवस्था भए अनुसार नागरिकको स्वास्थ्य सम्बन्धि मौलिक हक र आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने अधिकार सुनिश्चितता प्रदान गर्न प्रतिकारात्मक र उपचारात्मक सेवाको साथै प्रवर्दनात्मक र पुनर्स्थापनात्मक सेवा लाई समेत जोड दिईने छ ।
- शुन्य होम डेलिभरी वडा बनाउनु गर्भवती र सुत्केरी महिलालाई निःशुल्क एम्बुलेन्स सेवा सहित संस्थागत सुत्केरी आमालाई पोषण खर्च बितरण कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- स्वास्थ्य सेवा लाई सर्वब्यापी पहुँच र सामाजिक समाबेशिता सुनिश्चित गर्नको साथै सेवाग्राहीको सशक्त सहभागिता गराउनको लागि सबल वातावरण बनाउन स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार,स्वास्थ्यकर्मिहरुको ब्यवस्थापन ,औषधी तथा औजार उपकरण ब्यवस्थापनमा जोड दिईने छ ।
- "**कुपोषण र विभेद, महाभारतमा निषेध**" भन्ने नाराका साथ बालबालिका तथा किशोर किशोरीहरुको नियमित स्वास्थ परिक्षण गरि जोखिमहरु समयमानै पहिचान गर्ने, उचित परामर्श दिने , स्वस्थ जिवनशैली तथा खानपिनका व्यवहारहरु सिकाउने, यौन तथा प्रजनन स्वास्थ्य शिक्षा दिने, कुपोषित बालबालिकालाई पोषण खर्च वितरण साथै पोषणमैत्री र किशोर किशोरी मैत्री स्वास्थ संस्था संचानलको लागि आवश्यक व्यवस्था गरिने छ ।
- स्वास्थ्य क्षेत्रमा सुशासन प्रणाली र गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहलाई कायम गर्न स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण गरिनेछ
- महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई जनस्वास्थ्य सम्बन्धी शिक्षा जनसमुदाय समक्ष पुर्याईने छ ।
- घर्तिछापमा चिकित्सक सेवा प्रदानको लागि प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ ।
- सरुवा रोगहरु) डेंगी ,टिवि ,कोरोना ( लगायतका अन्य सरुवा रोगहरुवाट वाट बच्नका लागी रोकथाम तथा नियन्त्रण गरि उपचार तथा प्रेषण व्यवस्थापनमा जोड दिइने छ ।
- स्वास्थ्य संस्थालाई प्रबिधिमैत्री बनाउन आवश्यक ब्यवस्था गरिने छ ।
- **" महाभारत बन्दै छ, बा आमालाई सन्चै छ "** भन्ने नाराका साथ नसर्ने रोगहरु खास गरि मुटु तथा रक्तनली, दम, उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मृगौला रोग जस्ता रोगहरुको प्रकोपलाई न्युनिकरण गर्न र समयमा नै निदान गर्न टोल टोलमा स्वास्थ्यकर्मी तथा जनप्रतिनिधि सहितको एकिकृत घुम्ति शिविरहरु सचालन गर्नको

लागि संघ सरकारसँग समन्वय  गरि उपलब्ध भए अनुसार औषधि वितरणको साथै  सम्बन्धित निकायमा प्रेषण गर्ने व्यवस्था मिलाईनेछ ।

- स्वास्थ्य सेवाको पहुँच बृद्धि गराउन गाउँधर क्लिनिक तथा खोप क्लिनिक सेवा लाई सुधार गरी सेवा प्रवाहमा जोड  दिईने  छ ।
- संस्थागत सुत्केरिको संख्या वृद्धि गरि नवजात शिशु मृत्युदर घटाउन राष्ट्रिय महिला स्वास्थ्य स्वयम् सेबिका परिचालन तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- प्रति जैविक प्रतिरोध ( Antimicrobial Resistance AMR पशु स्वास्थ्य र , ले मानव स्वास्थ्य ( तालिमको व्यवस्था ,शिक्षा ,वातावरणीय स्वास्थ्यमा पारेको असरलाई न्यूनिकरण गर्न प्रभावकारी संचार गरि सचेतनामा सुधार ल्याउन जोड दिईने छ ।
- गर्भमा रहेको बच्चाको शारिरिक रुपमा देखिन सक्ने अपाङ्ग तथा समस्याहरुलाई समयमानै  पहिचान गरि अपाङ्ग हुनुवाट जोगाई भविष्यमा हुने शारिरिक तथा आर्थिक क्षतीको न्यूनिकरण गर्न वडा, मानसिक , स्तरमानै ग्रामिण भीडियो-ray सेवा सँगै एनोमालि स्क्यान सेवाको व्यवस्था गरिने  ।
- घर्तिछाप स्वास्थ्य चौकिमा संचालनमा रहेको भ्याक्सिन सबस्टोर लाई निरन्तरता दिईने छ साथै पूर्ण-खोप सुनिश्चितता तथा दिगोपना घोषणा  कार्यक्रम लाई  निरन्तरता दिइने छ ।
- राष्ट्रिय महिला स्वास्थ्य स्वयम् सेविका को मनोबल उच्च राख्न गत वर्षका कार्यक्रमलाई निरन्तरता दिई थप कार्यक्रमको ब्यवस्था गरिने  छ   ।
- महाभारत गाउँपालिका अन्तर्गतका सम्पुर्ण नागरिकहरुको नि:शुल्क विमा गरि  स्वास्थ्य सेवाको मुल प्रवाहिकरणमा समावेश गराइने नीति लिइनेछ  ।
- स्वास्थ्य संस्थाहरुको नियमित अनुगमनगरि  स्थलगत अनुशिक्षण कार्यक्रम गर्न आवश्यक कार्य योजना तयार गरि सुदृढिकरनमा जोड दिईने  छ।
- बिद्यालय नर्स  नभएका मा.बि र  आ.बि मा एकिकृत बृहत स्वास्थ्य प्याकेज कार्यक्रम ( पोषण , महिनावारी सरसफाई,सर्ने तथा नसर्ने रोगहरुको परीक्षण, स्वस्थ्यकर जिवनशैली सम्बन्धि परामर्श, पत्रुखाना तथा धुम्रपान र मद्यपान नियन्त्रण ) सञ्चालन गरि बिद्यालय स्वास्थ्य कार्यक्रम संचालन गरिने छ।

७ युवा तथा खेलकुद कार्यक्रम

- **"स्वास्थ्यका लागि खेलकुद"** भन्ने मूल नाराका साथ गाउँपालिका तथा वडास्तरीय खेलकुद प्रतियोगिताहरूलाई निरन्तरता दिइनेछ।
- विद्यार्थीहरूको शारीरिक तथा मानसिक विकासका लागि **अध्यक्ष कप** र आधारभूत तह (कक्षा १–८) स्तरीय **उपाध्यक्ष कप** खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्ने एवं सहभागी हुने खेलाडी र प्रशिक्षकहरूलाई **सम्मान तथा अभिनन्दन** गर्ने नीति लिइनेछ।
- खेलकुद गतिविधिलाई नियमन, व्यवस्थित र संस्थागत गर्न **'गाउँ खेलकुद समिति'** गठन गरिनेछ। साथै, विभिन्न खेल क्लब, संघ-संस्था र वडास्तरीय खेलकुद समितिहरूको व्यवस्थापन गरिनेछ।

- खेलकुदमा **महिला सहभागिता** अभिवृद्धि गर्दै खेलाडी, प्रशिक्षक र व्यवस्थापकहरूलाई प्रोत्साहित गरिनेछ साथै खेलाडीहरूको स्तरवृद्धिका लागि आवश्यकता अनुसार **विभिन्न खेलहरूको तालिम तथा प्रशिक्षण**को व्यवस्था गरिनेछ ।

## ८. भौतिक पूर्वाधार, खानेपानी तथा सिँचाई

- गाउँपालिकाभित्रका सम्पुर्ण सडकहरुको अधिकारक्षेत्र तोकी मापदण्ड कार्यान्वयन गर्ने, यातायात गुरुयोजना अनुरुप नयाँ सडक निर्माण कम गर्ने र मर्मत तथा स्तरोन्नती कार्यलाई प्राथमिकता दिने नीति लिइनेछ ।
- गाउँपालिका केन्द्र, सबै वडा केन्द्र, सबै स्वास्थ्य केन्द्रसम्म बाहै महिना सहज सञ्चालन हुने सुनिश्चितता सहित गरी यातायातको पहुँच बृद्धि गर्ने नीति लिइनेछ ।
- प्रत्येक आ.व.मा २ कि.मि. पक्कि सडक निर्माण गर्ने, प्रमुख आयोजनाहरुको कार्यान्वयन गर्दा वातावरणीय अध्ययन गर्ने, सडकहरुमा पानिको निकास, बायोइन्जिनियरिङ कार्यलाई प्राथमिकता दिने नीति लिइनेछ ।
- वस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड, राष्ट्रिय भवन संहिता को पालना हुने गरी नक्सापास गर्ने कार्यलाई आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ । पूर्वाधार निर्माण गर्दा वालमैत्री र अपाङ्गमैत्री मापदण्डलाई पूर्ण रुपमा पालना गर्ने नीति लिइनेछ ।
- गाउँपालिकाको वास प्लान निर्माण गर्ने, एक घर एक धारा निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । निर्माण गरिएका खानेपानी आयोजनाहरुमा बार्षिक रुपमा गुणस्तर परिक्षण गर्ने कार्यको सुरुवात गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाहरुको प्रबर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ ।
- **९. वन, वातावरण तथा विपद् व्यवस्थापन**
- विकास आयोजनाहरूको संक्षिप्त वातावरणीय अध्ययन (BES), प्रारम्भिक परीक्षण (IEE) र मूल्याङ्कन (BIA) अनिवार्य गरिनेछ।
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन र संकलनमा सङ्घीय र प्रदेश कानुन बमोजिम थप व्यवस्थित गरिनेछ।
- स्यानिटरी ल्याण्डफिल्ड साइटको व्यवस्था गरी फोहोरलाई स्रोतमै वर्गीकरण गरेर संकलन गरिनेछ।
- एम्बुलेन्स र दमकल जस्ता न्यूनतम पूर्वाधारसहित आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन गरिनेछ।

## १०. कार्यालय सञ्चालन, सुशासन र प्रविधि

"प्रविधिमैत्री सुशासन, दिगो विकास र समृद्ध महाभारत" मूल नारासहित कार्यालय सञ्चालन, सार्वजनिक सेवा तथा क्षमता विकास क्षेत्रमा तपशिलका नीति तथा कार्यक्रमहरु रहेका छन् ।

- नागरिकका उजुरी, समस्या र जिज्ञासालाई अनलाइन माध्यमबाट तत्काल सम्बोधन गर्न "Citizen Grievances Response App" यथाशीघ्र निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

- गाउँपालिका र अन्तर्गतका सम्पूर्ण कार्यालयहरूमा कागजी प्रक्रिया कम गर्दै क्रमशः "Paperless Office" को अवधारणा लागू गर्दै आन्तरिक सञ्चार र फाइल स्वीकृतिका लागि एकीकृत प्रणाली सञ्चालन गरिनेछ ।
- मातहतका सबै कार्यालयहरूमा विद्युतीय हाजिरी अनिवार्य गरिनुका साथै सेवा वितरणलाई क्रमशः स्वचालित प्रणालीमा रूपान्तरण गरिनेछ ।
- "हाम्रो महाभारत" मोबाइल एप निर्माण गरी नागरिक वडापत्र, सूचना, र गाउँपालिकाको प्रोफाइल सजिलै प्राप्त गर्न सकिने गरी मोबाइल एपको विकास र अद्यावधिक कार्यलाई तीव्रता दिइनेछ ।
- कागजी प्रक्रिया कम गर्दै डिजिटल फाइल प्रणाली र मातहतका कार्यालयमा विद्युतीय हाजिरी अनिवार्य गरिनेछ।
- नागरिक वडापत्र, सूचना र गाउँपालिकाको प्रोफाइल मोबाइल एपमार्फत सहजै प्राप्त हुने व्यवस्था मिलाइनेछ।
- योजना व्यवस्थापन (PPMS), लेखाङ्कन, राजस्व र ई-सिफारिसलाई सफ्टवेयर प्रणालीमा आबद्ध गरिनेछ।
- प्रत्येक महिनाको आय/व्ययको मास्केवारी सूचनापाटी र आधिकारिक वेबसाइटमा अनिवार्य प्रकाशन गरिनेछ।
- विकास योजनाहरूको प्राविधिक र आर्थिक भुक्तानी हुनु अगावै 'Pre-Audit' र सघन अनुगमन गरिनेछ।
- कर्मचारीहरूको पदीय जवाफदेहिता प्रवर्द्धन गर्न मासिक, त्रैमासिक र वार्षिक प्रगति समीक्षालाई परिणाममुखी बनाई पृष्ठपोषणलाई अनिवार्य गरिनेछ।
- "राजनीतिक प्रतिवद्धता र प्रशासनिक सक्षमता: जनप्रतिनिधी र कर्मचारीमा दक्षता"नारा सहित जनप्रतिनिधि र कर्मचारीहरूको सीप विकासका लागि संघ र प्रदेश सरकारका प्रशासनिक निकायहरूसँग समन्वय गरी स्थानीय सरकार सञ्चालन, कानुन निर्माण, बजेट व्यवस्थापन, सूचना प्रविधि र वित्तीय अनुशासन सम्बन्धी नवप्रवर्तनमूलक तालिम तथा अध्ययन भ्रमण सञ्चालन गरिनेछ।
- सार्वजनिक खर्चलाई परिणाममुखी बनाउन आवधिक योजना, मध्यकालीन खर्च संरचना (MTEF) पद्धति तथा गुरुयोजना अद्यावधिक गरी वार्षिक बजेटसँग तादाम्यता मिलाइनेछ।
- "जनताको सरकार, जनताकै आँगनमा; चुस्त अनुगमन, विकासको जगमा" नारालाई अनुशरण गर्दै पालिकाको अनुगमन समितिलाई स्रोत-साधन सम्पन्न बनाई विकास योजनाहरूको प्राविधिक र आर्थिक पाटोको भुक्तानी हुनु अगावै 'Pre-Audit' गरी सघन अनुगमन प्रणालीको विकास गरिनेछ।
- भौगोलिक रूपमा विकट रहेका बस्तीहरूमा एकीकृत घुम्ती शिविर सञ्चालन गरी नागरिकता सिफारिस, स्वास्थ्य परीक्षण, र ज्येष्ठ नागरिक परिचयपत्र वितरण जस्ता सेवाहरू घरदैलोमै पुऱ्याइनेछ।
- करको दायरा विस्तार, आन्तरिक स्रोत नै समृद्धिको आधार" भन्ने नारा सहित गाउँपालिकाको आन्तरिक राजस्व वृद्धि गर्न व्यवसाय दर्ता प्रकृयालाई चुस्त बनाई नयाँ करको दायरा विस्तार गरिनेछ। ढुङ्गा, गिट्टी, बालुवा, व्यवसाय कर लगायतका क्षेत्रमा हुने चुहावट नियन्त्रण गरिनेछ।
- "सार्वजनिक जवाफदेहिता: शासन विकास र सेवा प्रवाहमा पारदर्शिता" को मुलमन्त्रलाई आत्मसात् गरी शासकीय स्वरूपलाई पारदर्शी बनाउन पालिका र वडा तहमा अनिवार्य रूपमा अर्ध-वार्षिक र वार्षिक सार्वजनिक सुनुवाइ तथा Social Audit (सामाजिक परीक्षण) गर्ने परिपाटीलाई कडाइका साथ लागू गरिनेछ।
- "शून्य बेरुजु" को साख कायम राख्न आन्तरिक नियन्त्रण मजबुत बनाइनेछ र सबै भुक्तानी/राजस्व e-Payment बाट गरिनेछ।

११. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम

- उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना, न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास र पुनः एकीकरणका कार्यक्रमहरू स्थानीय तहको शत प्रतिशत लागत साझेदारीमा सञ्चालन गरिनेछ। राष्ट्रिय रोजगार तथा युवा स्वरोजगार कार्यक्रम मार्फत स्थानीय स्तरमा स्वरोजगारमूलक कार्यक्रमहरूमा विशेष जोड दिइनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप परीक्षण गरी दक्षता अनुसारको उद्यमशीलता प्रवर्द्धन गरिनेछ। फर्किएका आप्रवासी श्रमिकहरूलाई सङ्गठित गरी उनीहरूको ज्ञान/सीप उपयोग गर्न र व्यवसाय प्रवर्द्धनका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था मिलाइनेछ।
- बाध्यात्मक वैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवारलाई लक्षित गरी सूचना, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता कक्षा सञ्चालन र 'रिटर्नी स्वयंसेवक' परिचालन गरी घरदैलोसम्म सचेतना प्रवाह गरिनेछ। यसका लागि सुरक्षित आप्रवासन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- वैदेशिक रोजगार बोर्डको प्रणाली (FEWMIS), विभागको प्रणाली (FEIMS), कन्सुलर सेवा र पुनः श्रम स्वीकृति जस्ता सेवाहरूलाई गाउँपालिकाको सेवा केन्द्रबाटै एकीकृत रूपमा प्रदान गरिनेछ। रोजगार सेवा केन्द्रसँगको समन्वयमा पूर्व-प्रस्थान अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- आन्तरिक रोजगारी प्रवर्द्धनका लागि 'रोजगार संवाद मञ्च' लाई व्यवस्थित गरिनेछ। 'श्रम संसार पोर्टल' लगायतका डिजिटल सेवा प्रवाहलाई प्रभावकारी बनाउन रोजगार सहायक लगायतका जनशक्तिको निरन्तर व्यवस्थापन र सरोकारवालाहरूका लागि अभिमुखीकरण गरिनेछ। स्थानीय तहको सङ्गठन संरचनामा 'श्रम तथा रोजगार शाखा' विस्तार गरी सेवा एकीकृत गरिनेछ।
- बेरोजगार युवाहरूलाई बेरोजगार सूचीमा सूचीकृत हुन प्रोत्साहित गरिनुका साथै समाजमा सबै खाले काम र श्रमिकको सम्मान कायम गर्न **"श्रमको सम्मान, राष्ट्रको अभियान"** जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२. सामाजिक सुरक्षा तथा पञ्जीकरण

- **"गाउँपालिकाको इच्छा; हातैमा सामाजिक सुरक्षा भत्ता"** यस कार्यक्रम मार्फत लाभग्राहीहरूलाई वडा-वडामै भत्ता वितरणको व्यवस्था मिलाइनेछ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नवीकरण कार्यलाई बायोमेट्रिक भेरिफिकेसन (Biometric Verification) बाट मात्र गरिने व्यवस्था मिलाइनेछ।
- ज्येष्ठ नागरिकहरूलाई लक्षित गरी घुम्ती टोलीमार्कफत गाउँघरमै राष्ट्रिय परिचयपत्र वितरणको व्यवस्था गरिनेछ।
- व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुऱ्याउन **"वैशाखमा एक हप्ता; घटना दर्ता सप्ताह"** विशेष कार्यक्रमका रूपमा मनाइनेछ।

१३. न्यायिक निरुपण

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम न्यायिक समितिलाई निष्पक्ष, पारदर्शी, छिटो र जनउत्तरदायी बनाउँदै समितिको इजलासलाई नियमित र व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।
- विवाद समाधानमा मेलमिलाप नीतिलाई पहिलो प्राथमिकता दिँदै समुदायस्तरका मेलमिलाप केन्द्रहरूको संस्थागत सुदृढीकरण गरिनेछ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको न्यायमा समान पहुँच सुदृढ गरिनेछ। समुदायमा कानुनी सचेतना जगाई विवाद न्यूनीकरणमा जोड दिइनेछ।
- मेलमिलापकर्ताहरूको मनोबल र कार्यसम्पादन बढाउन क्षमता विकास, आवश्यक स्रोतसाधन र प्रचलित कानुन/मापदण्ड बमोजिम पारिश्रमिक तथा भत्ताको व्यवस्था गरिनेछ।
- न्यायिक समितिको अभिलेख तथा सूचना व्यवस्थापनलाई प्रविधिमैत्री बनाइनेछ। उत्कृष्ट अभ्यासहरूको अध्ययनका लागि अन्य स्थानीय तहहरूसँग सहकार्य र अन्तरपालिका भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

१४. सूचना तथा प्रविधि

- कार्यालयका प्रशासनिक तथा सेवा प्रवाह सम्बन्धी कार्यहरूलाई क्रमशः डिजिटल प्रणालीमा आबद्ध गर्दै वेबसाइट तथा सूचना व्यवस्थापन प्रणालीलाई निरन्तर अद्यावधिक गरिनेछ।
- कार्यालयको आवश्यकता अनुसार फिजिकल सर्भर (Physical Server) खरिद तथा जडान गरिनुका साथै स्रोतको अधिकतम उपयोगका लागि भर्चुअल मेसिन (VM) प्रविधि क्रमशः लागू गरिनेछ।
- सूचना तथा तथ्याङ्कको गोपनीयता सुनिश्चित गर्न विद्युतीय अभिलेख व्यवस्थापन प्रणाली लागू गरिनेछ। नियमित डाटा ब्याकअप (Data Backup), डिजास्टर रिकभरी (Disaster Recovery) र डाटा प्रोटेक्सन (Data Protection) प्रणालीको विकास गरिनेछ।
- साइबर सुरक्षाको संवेदनशीलतालाई ध्यानमा राख्दै सुरक्षित सूचना प्रणाली सञ्चालनका उपायहरू अवलम्बन गरिनेछ र यस सम्बन्धी सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१५. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीतिहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ। महिला, बालबालिका, अल्पसङ्ख्यक, भूमिहीन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिष्करणमा परेका वर्गहरूको जीवनस्तर सुधार्न उत्थानशील कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- गाउँपालिकालाई 'बालमैत्री स्थानीय तह' घोषणा गर्न तोकिएका ५१ वटा सूचकहरूका आधारमा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ। बालक्लब सञ्जाल मार्फत 'बालविवाहमुक्त गाउँपालिका' निर्माणका लागि व्यापक जनचेतनामूलक अभियान चलाइनेछ।
- आमाबुबाविहीन (अनाथ) बालबालिकाहरूको शिक्षा र पालनपोषणका लागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनुका साथै विभिन्न सङ्घ-संस्थाहरूसँग समन्वय र सहकार्य गरी उनीहरूको पूर्ण संरक्षणमा जोड दिइनेछ।

- गृहिणी महिलाहरूको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि प्रदेश सरकारसँगको साझेदारीमा विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण, सीप विकास एवं अधिकार संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूको पहिचान, सम्मान र संरक्षणका कार्यक्रमहरूलाई अगाडि बढाइनेछ।
- ज्येष्ठ नागरिकहरूको आदर-सम्मान गर्दै उनीहरूको नियमित स्वास्थ्य परीक्षण, निःशुल्क औषधि उपचार तथा अन्य आवश्यक सेवाहरूको समुचित व्यवस्थापनमा जोड दिइनेछ।
- आगामी दिनमा निर्माण हुने सार्वजनिक तथा पालिकाका संरचनाहरूलाई अनिवार्य रूपमा बालमैत्री एवं अपाङ्गतामैत्री बनाइनेछ। जनप्रतिनिधि र कर्मचारीहरूको कार्यक्षमता, मानसिक स्वास्थ्य र सकारात्मक सोच विकासका लागि 'तनाव व्यवस्थापन' सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## १६. **सार्वजनिक खरिद, मर्मत सम्भार तथा जिन्सी सुशासन**

- सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धी र पारदर्शी बनाउन लागत अनुमानदेखि ठेक्का सम्झौतासम्मका कार्य अनिवार्य रूपमा e-GP पोर्टल मार्फत मात्र गरिनेछ ।
- वास्तविक बजार मूल्यको विश्लेषणका आधारमा स्वीकृत वार्षिक खरिद योजना बमोजिम मात्र खरिद कार्य गरिनेछ; आर्थिक वर्षको अन्त्यमा हतारमा गरिने खरिदलाई पूर्णतः निरुत्साहित गरिनेछ ।
- सरकारी स्रोतको बचत गर्न "खरिद अघि मर्मत" को नीति लिइनेछ; कार्यालयका सवारी साधन, कम्प्युटर र मेसिनरी सामानको समयमै मर्मत सम्भार गरी पुन: प्रयोगमा ल्याइनेछ ।
- कार्यालयमा भएका सम्पत्तिको अभिलेखका लागि PAMSv2 तथा QR Code प्रणालीलाई थप व्यवस्थित बनाइनेछ ।
- खरिद प्रक्रिया र जिन्सी प्रशासनलाई कानुनसम्मत एवं प्रविधिमैत्री बनाउन मातहतका कर्मचारीहरूका लागि सार्वजनिक खरिद व्यवस्थापन तथा PAMSv2 सञ्चालन सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।
- आर्थिक वर्षको अन्त्यमा अनिवार्य रूपमा जिन्सी भौतिक परीक्षण गराई बेरुजू नियन्त्रण गरिनेछ र कार्यालयमा रहेका पुराना, पत्रु सामानहरूलाई कानुनी प्रक्रिया पूरा गरी तत्काल लिलाम वा मिन ाह गरिनेछ ।

अन्त्यमा, महाभारत गाउँपालिकाको आर्थिक परिवर्तनलाई दिगो रूपान्तरणको खाकातिर लैजाने स्पष्ट सोच र मार्गचित्रसहित मैले आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्ताव गरेको छु। प्रस्तुत नीति तथा कार्यक्रम महाभारत गाउँपालिकाको समृद्ध भविष्य निर्माण गर्ने एक मार्गदर्शक दस्तावेज हो। यस नीति तथा कार्यक्रमले महाभारतको समग्र विकास, सुशासन, जनमुखी सेवा प्रवाह र सन्तुलित पूर्वाधार निर्माण लगायतका कार्यमा उच्च प्रभावकारिता ल्याउनेछ। साथै, स्थानीय सरकारप्रति आम नागरिकको भरोसा र विश्वासलाई

अझ मजबुत बनाउँदै शासकीय अभ्यासको असल अभीष्ट पूरा गर्न हामीलाई सबै क्षेत्रबाट निरन्तर साथ र सहयोग प्राप्त हुनेछ भन्ने मैले पूर्ण अपेक्षा राखेको छु ।

हाम्रो प्यारो महाभारत गाउँपालिकालाई जनअपेक्षा अनुरूप विकासको गति दिने, स्थानीय सरकार र स्थानीयवासीबीचको सम्बन्धलाई थप सुमधुर र प्रगाढ बनाउने तथा आधुनिक प्रविधि र मौलिक पहिचानको अनुपम सम्मिश्रणबाट यस क्षेत्रलाई समृद्ध बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ। म यस ऐतिहासिक अवसरमा सम्पूर्ण गाउँपालिकावासी दाजुभाइ तथा दिदीबहिनीहरूलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गर्ने प्रतिबद्धता पुनः दोहोऱ्याउन चाहन्छु। यस प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट हाम्रो सामाजिक-आर्थिक क्षेत्र थप गतिशील बन्नेछ, आर्थिक वृद्धि हासिल हुनेछ र पारस्परिक सम्मान एवं अवसरसहितको सामाजिक न्याय स्थापित हुनेछ ।

यस महत्त्वकाङ्क्षी नीति तथा कार्यक्रमलाई पूर्ण रूपमा कार्यान्वयन गर्न सबै क्षेत्रबाट सक्रिय सहयोग मिल्ने विश्वास व्यक्त गर्दछु। साथै, महाभारत गाउँपालिकाको समग्र विकास र समृद्धिमा अहोरात्र योगदान पुऱ्याउनुहुने आदरणीय राजनीतिक दलहरू, राष्ट्रसेवक कर्मचारीहरू, शिक्षक बुद्धिजीवीहरू, निजी, सहकारी र सामुदायिक क्षेत्रका अगुवाहरू, श्रमजीवी वर्ग, नागरिक समाज, सञ्चार जगत् लगायत सम्पूर्ण आदरणीय दिदीबहिनी, दाजुभाइ तथा हाम्रा विकास साझेदार संस्थाहरूप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछु।

धन्यबाद !

कान्छालाल जिम्बा
अध्यक्ष

९ असार,२०८३